# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित
खण्ड : ४ संख्या : ५ श्रावण २५ गतेः २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग - २

## विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपालको संविधान २०७२ को अनुसुची-८ मा व्यवस्था भए बमोजिम आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरू स्थानीय तहको भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (२) र चामुण्डाविन्द्रसैनी नगरपालिको नगर शिक्षा ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकारको प्रयोग गरीयस नगरपालिका अन्तरर्गत सञ्चालित सामुदायिक विद्यालय, बालविकास केन्द्र तथा सामुदायिक सिकाइ केन्द्रहरूका शिक्षक तथा विद्यालय कर्मचारीहरूको व्यवस्थापनका लागी नगरपालिकाद्वारा सिर्जना गरिएका नगर अनुदान दरबन्दीहरूमा आवश्यक पर्ने शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र सामुदायिक परिचालकको पदपुर्ति, छनौट तथा सिफारिस पद्धतिलाई व्यवस्थित बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाच्छनीय भएकोले,चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाको बैठकबाट स्वीकृत गरिचामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ कार्यविधि लागू गरिएको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम, प्रारम्भर क्षेत्राधिकार :** (१) यस कार्यविधिको नाम "चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापनसम्बन्धीकार्यविधि, २०७८" रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि यस नगरपालिकाको क्षेत्र भित्र लागु हुनेछ ।



२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले बालविकास कक्षा देखि कक्षा १२ सम्म सञ्चालित सामुदायिक विद्यालयहरू सम्झनु पर्दछ ।

(ख) "विषय विज्ञ" भन्नाले सामुदायिक सिकाईकेन्द्र, प्रारम्भिक बालविकास, आधारभुत तह ( कक्षा १-८) र माध्यमिक तह (कक्षा ९- १२) सम्म,सामुदायिकपरिचालक, शिक्षक तथा विद्यालय कर्मचारी छनौट तथा सिफारिस गर्ने परीक्षा सञ्चालनका लागि कार्यविधिको दफा (२२) बमोजिमसूचीकृत भएका आधारभूत तथा माध्यमिक तहका शिक्षक तथा स्रोत व्यक्ति समेतलाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका, जम्बुकाँध दैलेखलाई सम्झनुपर्दछ

(घ)"नगर प्रमुख"भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्दछ ।

(ङ)"नगर उपप्रमुख"भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनुपर्दछ

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "शिक्षा अधिकृत वा नगर शिक्षा प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृत वाशाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "नगर शिक्षा समिति" भन्नाले चामुण्डाविन्द्रसैनी नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्दछ ।

(झ) "समिति" भन्नाले शिक्षक तथा विद्यालयकर्मचारीहरूको छनौट तथा सिफारिसका लागि कार्यविधिको दफा (३) बमोजिम गठन गरिएको शिक्षक तथाविद्यालय कर्मचारी व्यवस्थापन समिति सम्झनुपर्दछ ।

(ञ)"शिक्षक" भन्नाले कक्षा १ देखि कक्षा १२ सम्म अध्यापन गराउने सामुदायिक विद्यायलयका शिक्षकलाई सम्झनु पर्दछ । सो शब्दले नगरपालिकाअन्तर्गत सञ्चालित बालविकास केन्द्रका सहजकर्ता तथा सामुदायिक सिकाइकेन्द्रहरूमा कार्यरत सामुदायिक परिचालकलाई समेत जनाउने छ ।

(ट)"सामुदायिक सिकाई केन्द्र" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाइकेन्द्रहरूलाई बुझाउने छ ।

(ठ) "शिक्षा ऐन" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षा ऐन, २०७५ र संघीय शिक्षा ऐन सम्झनु पर्दछ ।

(ड) "कार्यविधि" भन्नाले "चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८" सम्झनु पर्दछ ।

(ढ) "शिक्षा शाखा" भन्नाले चामुण्डाबिन्द्रासैनी नगपालिकाको नगर शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

(ण) "संयोजक" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन समितिको संयोजकलाईसम्झनु पर्दछ ।

(त) "सदस्य" चामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन समितिको सदस्य सम्झनु पर्दछ ।

(थ)"करार शिक्षक" भन्नाले नगरपालिका अन्तर्गत सञ्चालित अनुमति प्राप्त वा स्वीकृती प्राप्त सामुदायिक विद्यालयहरूमा नगर कार्यपालिकाले सिर्जना गरी स्वीकृत गरेका नगर

शिक्षण सहयोग अनुदानमा कार्यरत रहने करारशिक्षकलाई सम्झिनु पर्छ ।

(द)“शिक्षक तथा विद्यालय कर्मचारी दरबन्दी”भन्नाले यस नगरपालिका अन्तर्गत सञ्चालित अनुमति प्राप्त वा स्वीकृती प्राप्तसामुदायिक विद्यालयहरूमास्वीकृत दरबन्दी, राहत दरबन्दी र नगरपालिकाद्धारा सिर्जना गरेका नगर शिक्षण सहयोग अनुदान दरबन्दीहरूलाई जनाउने छ ।

(ध)“शिक्षक सेवा आयोग नियमावली, २०५७”भन्नाले नेपाल सरकारको शिक्षक सेवा आयोग नियमावली, २०५७ सम्झिनु पर्दछ ।

(न)“आयोग”भन्नाले संघीय शिक्षक सेवा आयोग सम्झनु पर्दछ ।

(प)“शिक्षा नियमावली”भन्नाले संघीय शिक्षा नियमावली (संसोधन सहित), २०५९ भन्ने सम्झनु पर्दछ ।

(फ) “विद्यालय कर्मचारी” भन्नाले विद्यालय सहयोगी, विद्यालयसहायक कर्मचारी वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलब सुविधा लिईकाम गर्ने जुनसुकै कर्मचारीलाई सम्झनुपर्दछ ।

(ब) “करार सम्झौता”भन्नाले अनुसूची २ बमोजिमको करार सम्झौता सम्झनु पर्दछ ।

## परिच्छेद-२
## शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन समितिको संरचना

**३. शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन समिति** : (१) यस चामुण्डाविन्द्रसैनी नगरपालिका अन्तर्गतका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरू, बालविकास केन्द्रहरू तथा सामुदायिक सिकाई केन्द्रहरूमा नगरपालिकाको अनुदान बाट सिर्जना गरिएका नगर अनुदान दरबन्दीहरूमा करार शिक्षक तथा कर्मचारीहरू (तहगत तथा विषयगत रूपमा) छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन समिति रहनेछ ।

(क) नगरशिक्षा प्रमुख -संयोजक

(ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख वा कर्मचारी - सदस्य

(ग) समितिले तोकेको सम्भव भए एक जना महिला समेत पर्ने गरी दुई जना विषय विज्ञहरू - सदस्य

(घ) संयोजकले तोकेको नगर शिक्षा, युवा तथा खेलकुद शाखाको कर्मचारी -सदस्य सचिव

(२) साथै समितिले परीक्षा सञ्चालन तथा व्यवस्थापनकाक्रममा तहगत तथा विषयगत रूपमाविषय विज्ञहरूतोक्ने छ र ती विषय विज्ञहरू परीक्षासमितिमा रहनेछन ।सो भन्दा अगाडि समितिले परीक्षा सम्बन्धि व्यवस्थापकिय कार्यहरू आफै गर्नेछ ।

**४. शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन समितिको काम, कतर्व्य तथा अधिकारहरू** : (१)कार्यविधीको दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) दरबन्दी संख्याको अधारमा खुल्ला प्रतियोगात्मक परीक्षाबाट शिक्षक करारमा नियूक्ति गर्न नगरपालिका समक्ष सिफारिसका लागि आवश्यक कार्य गर्ने,

(ख) परीक्षा सञ्चालनका लागि सूचना प्रकाशन, तोकिएको पाठ्यक्रम अनुसार प्रश्नपत्र निर्माण, प्रश्नपत्रको गोपनीयता कायम, लिखित तथा मौखिकपरीक्षा सञ्चालन, प्रश्न पत्र जाँच, अन्तिम नतिजा प्रकाशन आदि सम्बन्धी तथा अन्य आवश्यक कार्यहरू गर्ने/गराउने,

(ग) परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने/गराउने,



घ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष तथा त्रुटिरहित तरिकाले सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक कार्य गर्ने/गराउने,

(ङ) परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि नगर शिक्षा समिति तथा नगरपालिका समक्ष आवश्यक समन्वय गर्ने,

(२) शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापनसमितिको सचिवालय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा वासमितिले तोकेको स्थानमाहुनेछ ।

**५.समितिको बैठक तथा बैठक भत्ता सम्बन्धी व्यवस्था** : (१) समितिको बैठक आवश्यकता अुनसार बस्ने छ ।

(२)उपदफा (१) बमोजिम बैठक बस्दा समितिका पदाधिकारी वा विषय विज्ञले बैठक वापतप्रति बैठक रू. १५००/- दरले भत्तापा उनेछन् ।

माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उत्तरपुस्तिका परीक्षण तथा प्रश्नपत्र निर्माण गरे वापत विषय विज्ञ शिक्षकलाई बैठक भत्ताकाअत्तिरिक्त थप रू. १५००/- दरले पारिश्रमिक दिन बाधा पर्ने छैन ।

(३) यसरी दिईने पारिश्रमिक नियमानुसार नगरपालिकाले बेहोर्नेछ ।परीक्षामाखटिने कर्मचारी तथा पदाधिकारीहरूको पारिश्रमिक समितिले तोके बमोजिम हुनेछ ।

**६.समितिको बैठक सम्बन्धी कार्यविधि तथा कार्यविभाजन** : समितिको बैठक सम्बन्धी कार्यविधिसमितिले तथा समितिका सदस्यहरूको कार्य विभाजन समितिका संयोजकले तोके बमोजिम हुनेछ ।

**७. रिक्त शिक्षक विवरण उपलब्ध गराउनु पर्ने** : (१) यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा उपलब्धनगर अनुदान दरबन्दिमा नगरपालिकाले शिक्षक तथा कर्मचारीको पदपुर्ति गरे पश्चात कारणबस ती दरबन्दिहरू रिक्त हुन गएमा तीरिक्त दरबन्दीको विवरण रिक्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विद्यालयले विद्यालयव्यवस्थापन समितिको बैठक बसी रिक्त पदमा करार सेवाद्धारा पदपुर्ति गर्नका लागि बैठकको निर्णय, रिक्त हुने कारण खुलाइ सो सम्बन्धी कागजातसमेत संलग्न गरि अनिवार्यनगर शिक्षा, युवा तथा खेलकुद शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१)बमोजिमको विवरण पठाउँदा सामुदायिक विद्यालयहरूले कुन तह, विषय र दरबन्दी रिक्त रहेको छ सो समेत तहगत तथा विषयगतरूपमा खुलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) प्राप्त विवरण उपर आवश्यक छानबिन गरी नगर शिक्षा, युवा तथा खेलकुद शाखाले करार सेवाद्धारा पदपुर्तिका लागि सो विवरण समितिलाई उपलब्धगराउनु पर्नेछ ।

## परिच्छेद-३
## सामुदायिक विद्यालयमा कायम हुने शिक्षक र विद्यालय कर्मचारी

**८. सामुदायिक विद्यालयमा रहने शिक्षक तथा विद्यालय कर्मचारी विवरण** : (१) यस नगरपालिका अन्तर्गत सञ्चालित अनुमति वा स्वीकृती प्राप्तसामुदायिक विद्यालयहरूमा अपुग शिक्षक तथा विद्यालय कर्मचारी दरबन्दीहरू स्थलगत अध्ययन गरी नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णयानुसार सिर्जना गरी पदपुर्ति गरिने छ ।

(२) यस नगरपालिका अन्तर्गत सञ्चालित प्रत्येक सामुदायिक विद्यालयहरूमा शिक्षक तथा विद्यार्थी अनुपात १:४० हुनुपर्ने छ

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएता पनि यस नगरपालिका अन्तर्गत सञ्चालित प्रत्येक सामुदायिक विद्यालयहरूमा शिक्षक तथा विद्यालय कर्मचारीदरबन्दी नगर शिक्षा

समितिको सिफारिसमा नगर कार्यपालिकाले स्वीकृत गरे अनुसार हुनेछ ।

## परिच्छेद-४

## शिक्षक तथा विद्यालय कर्मचारी छनौट र सिफारिस सम्बन्धी प्रक्रिया

**९.पदपुर्तिको माध्यम** : आधारभूत (१ देखि ५), अधारभूत (१ देखि ८) र माध्यमिक (९ देखि १२) विद्यालयको नगर अनुदानदरबन्दीको रिक्त पद खुला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट पूर्ति गरिने छ ।

**१०.योग्यता सम्बन्धी व्यवस्था** : शिक्षक तथा विद्यालय कर्मचारी पदका लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमकोयोग्यता हुनु पर्नेछ ।

(क)कार्यालय सहयोगीका लागि कम्तिमा ब्म्भ् पास गरेको,

(ख) बालविकास कक्षातथा सामुदायिक सिकाई केन्द्रका लागि श्रीत्र्, कक्षा १२वा सो सरह उर्त्तीण गरेको,

(ग)विद्यालय सहायक कर्मचारीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमाप्रविणता प्रमाण पत्र तह, कक्षा १२ वा सो सरह उर्त्तीण गरेको,

(घ) आधारभूत (१देखि ५ सम्म) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह, कक्षा १२ वा सो सरह उर्त्तीण गरेको,

(ङ) आधारभूत (६ देखि ८ सम्म) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाटसम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह, कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(च) माध्यमिक (९ देखि १० सम्म) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(छ) माध्यमिक (११देखि १२ सम्म) का लागिमान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको,

**११. उम्मेदवारका लागि अयोग्यता** : शिक्षक तथा विद्यालय कर्मचारीका लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १० को खण्ड (क)देखि (च) सम्म उल्लेख भए बमोजिका व्यक्तिहरू उम्मेदवार हुन योग्य हुने छैनन् ।

तर यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान तथा अन्यप्राविधिक विषयहरूको हकमाविज्ञापनको सूचना प्रकाशित भई तोकिएको अवधिमा स्थायी अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारको दरखास्त पेश हुन नआएमापुनः थप ७ दिने सूचना प्रकाशन गरिने र सो अवधिमा पनि स्थायीअध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारको दरखास्त पेश हुन नआएको अवस्थामा स्थायी अध्यापन अनुमतिपत्र प्राप्त नगरेको उम्मेदवारलाई पनि नगर करार शिक्षकछनौटगर्न सकिनेछ ।त्यसरी नियुक्त हुने उम्मेदवारको योग्यता तोकिएको तह भन्दा एक तह माथि उत्तिर्ण गरेको हुनु पर्नेछ ।तर नियूक्ति प्रक्रियाको अवधिमाअनुमतिपत्रप्राप्त उम्मेदवारको दावी परेमाअध्यापन अनुमतिपत्र नभएका उम्मेदवारको दरखास्त स्वतः रद्द हुनेछ ।

**१२. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मुल्याङ्क प्रक्रिया** : यस नगरपालिकाबाट लिइने परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगनियमावली, २०५७ तथा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन प्रक्रियालाई समावेशी बनाउनु पर्ने** :(१) शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ११कउपनियम (१)र उपनियम (१) को खण्ड (क) देखि (च) सम्मा उल्लेख भए बमोजिम शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापनलाई समावेशी बनाउनुपर्नेछ ।

(२) समावेशी पदमा दरखास्तबुझाउने आधार आयोगले तथा नगरपालिकाले तोके बमोजिम

खण्ड : ४ संख्या : ५ श्रावण २५ गते: २०७८

हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय उम्मेदवारको हकमा समावेशी पदमा दरखास्त दिँदा वडा कार्यालयको सिफारिसकोआधारमा दिन सकिने छ ।

(४) यदि कार्यविधिको नियम १३ बमोजिम छुट्याईएको समावेशी पदमाकुनै पनि उम्मेदवारको दरखास्त पर्न नआएमा त्यसरीछुट्याईएकापदहरूको हकमा खुला प्रतियोगीताद्वारा पदपूर्ति गरिने छ ।

स्पष्टिकरण :उपदफा ४ बमोजिमको व्यवस्था नगर करार शिक्षकको नियूक्तिको पक्रियाको लागि मात्र लागु हुनेछ ।

**१४. पद संख्या निर्धारण** :दफा (५) बमोजिम विद्यालयहरूबाट प्राप्त रिक्त दरबन्दीको विवरण अनुसार समावेशी तरिकाले खुला प्रतियोगितात्मकपरीक्षाद्धारा पुर्ति हुने प्रतिशतको आधारमा पदसंख्या निर्धारण गर्नु पर्नेछ ।

**१५.प्रतियोगिताका लागि दरखास्त आव्हान गर्न विज्ञापन गर्नुपर्ने** :नगर शिक्षा समिति वासमितिको निर्देशन अनुसार नगर शिक्षा, युवा तथा खेलकुद शाखाले सम्भाव्य सबैमाध्यमहरूबाट सामान्यतया १५ दिने र दरखास्त नपरेको खण्डमा थप ७ दिने सूचना प्रकाशन गर्ने र सो सूचनानगर शिक्षा वा नगरपालिका तथा सम्भव भए वडाकार्यालयहरूको सूचना पाटिमा टाँस गर्नुपर्ने छ ।

**१६.उम्मेदवारले दरखास्त बुझाउनु पर्ने** : प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले अनुसूची १ बमोजिमको दरखास्त फाराम भरी तोकेअनुसारको परीक्षा दस्तुर दाखिला गरेको भौचर सहित विज्ञापनमा तोकिएको मिति र समय भित्र नगर शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त फाराम बुझाउनु पर्ने छ ।

**१७. दरखास्त छानवीन र प्रवेश पत्र वितरण सम्बन्धी व्यवस्था** : (१)नगर शिक्षा शाखाले नियम १६ बमोजिम पर्न आएका दरखास्त छानवीन गरी रितपुगेका उम्मेदवारलाई अनुसूची २ बमोजिम प्रवेश पत्र वितरण गर्नु पर्नेछ ।

(२) कुनै पनि दरखास्त शर्त राखी स्वीकृत हुने छैन ।

(३) यस कार्यविधि बमोजिम विज्ञापन वा परीक्षा रद्द गरिएमा वा उम्मेदवारको दरखास्त अस्वीकृत भएमा उम्मेदवारले बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछ । तर दफा २१ बमोजिम दरखास्त रद्द भएमा परीक्षा दस्तुर फिर्ता हुने छैन ।

**१८. परीक्षाको समय, मिति र स्थान वा केन्द्र** :यस कार्यविधि बमोजिम लिइने परीक्षासमितिले तोकेको समय, मिति र स्थान वा केन्द्रमा सञ्चालनहुने छ ।तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा आवश्यकता अनुसार सम्बन्धित प्रयोगशाला भएको स्थान वा विद्यालयमा राख्न सकिनेछ ।

**१९. परीक्षाको पूर्णाङ्क र उर्त्तीणाङ्क** :यस कार्यविधि बमोजिम लिइने परीक्षाको पूर्णाङ्क र उर्त्तीणाङ्कशिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) को नियम १८ बमोजिम हुनेछ ।

**२०.छनौट तथा सिफारिसप्रक्रियाः** (१)समितिले शिक्षक तथा विद्यालय कर्मचारी भर्ना, छनौट तथा सिफारिस गर्दा शिक्षक सेवा आयोग नियमावली२०५७ (संशोधन सहित) को नियम १८, १९, २०, २१, २२, २३, २४, र उल्लेखित उपनियमहरू बमोजिम लिखित, अन्तरवार्ता र आवश्यकतानुसारप्रयोगात्मक परीक्षा लिई तोकिएको न्यूनतम प्राप्ताङ्क भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरू मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाईनियुक्तिका लागि वैकल्पिक उम्मेदवार सहित नगर शिक्षा समिति समक्ष सिफारिसका लागि पेश गर्नुपर्नेछ र अनुभव वापत सोही तहको निजी वा अन्य स्रोतको कोटा अन्तर्गतको शिक्षककोरूपमा काम गरे बापत प्रत्येक वर्षको शुन्य दशमलव पाँच अङ्कको दरले बढीमा पाँच अङ्क

प्रदान गरिने छ ।

स्पष्टीकरण :यस नियमको प्रयोजनका लागि “निजीवा अन्य स्रोतकोटा” भन्नाले विद्यालयले आफ्नै स्रोतमा वा नगरपालिका, प्रदेश वा संघको एकमुष्ठ अनुदानमा नियूक्ति गरेको शिक्षकको कोटा सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम छनौट तथा सिफारिस भएका उम्मेदवारलाई नगर शिक्षा समितिको सिफारिसमा विद्यालय, बालविकास केन्द्र तथासामुदायिक सिकाई केन्द्रहरूको माग बमोजिम नगर शिक्षा प्रमुखले करार सेवामा अनुसूची२ मा उल्लेख भए बमोजिमकोकरार सम्झौता गरी नियूक्ति दिईकार्यक्षेत्रमा खटाइनेछ ।

(३) सिफारिस भएको शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति पत्र बुझेको मितिले बढीमा ७ (सात) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनुपर्नेछ रसिफारिस भई आएको शिक्षक तथा विद्यालय कर्मचारीलाई विद्यालयका प्रधानाध्यपक तथा जिम्मेवार व्यक्तिले नियमित कामकाज गर्न लगाई सो कोजानकारी नगर शिक्षा, युवा तथा खेलकुद शाखालाई दिनुपर्नेछ ।

(४) तपसिल बमोजिमको अवस्थामा स्थान रिक्त हुन गएमा छ महिनाको अवधिसम्म दफा ३ को उपदफा (१) बमोजिमको समितिले शिक्षक तथा विद्यालयकर्मचारी छनौट तथा सिफारिस गर्ने प्रयोजनको लागि प्रतिक्षा वा वैकल्पिक सूचीमा रहेका उम्मेदवार मध्येबाट योग्यता क्रमको आधारमा नगर शिक्षासमितिको सिफारिस अनुसार नियूक्ति दिईनेछ ।

(क) छनौट तथा सिफारिस भएको शिक्षक तथा विद्यालय कर्मचारीले राजिनामा दिएमा

(ख) पद आचरण विपरीतको गलत क्रियाकलाप गरी कार्वाहीमा परेमा

(ग) मृत्यु भएमा,

(घ) सिफारिस गरेको मितिले ७ दिन भित्र नियूक्ति पत्र नबुझेमा,

(ङ) नियूक्ति भएको मितिले७ दिन भित्र सम्बन्धित विद्यालय तथा शैक्षिक संस्थामा हाजिर नभएमा

(५) अनुदान तथा करारमा छनौट तथा सिफारिस भई करार सेवामा नियूक्त शिक्षक तथा कर्मचारीको पदावधि सुरूमा बढीमा एक शैक्षिक सत्रको लागिहुनेछ । शैक्षिक तथा विद्यालयका अन्य गतिविधि तथा पक्षहरूको गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन मूल्याङ्कनको आधारमानगरपालिकाले करार थप गर्न वा रद्द गर्न सक्नेछ । साथै यस प्रक्रियाबाट सेवा करारमा नियूक्त गरिएका शिक्षक तथा कर्मचारी कार्यरत विद्यालयमाशिक्षक सेवा आयोगबाट स्थायी शिक्षक तथा कर्मचारीसिफारिस भई आएमा तथा करार सेवामा नियूक्त शिक्षक तथा कर्मचारीको आवश्यकता, औचित्यर सान्दर्भिकता पुष्टि नभएमा निजसंगको करार सम्झौता जुनसुकै बेला नगर शिक्षा, युवा तथा खेलकुद शाखाले भंग गर्न सक्नेछ, वा निजलाई अन्यविद्यालयमा काजमा खटाउन सक्नेछ ।

(६) यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया बाहिरबाट करार सेवामा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्त भएमा वा गरिएमा त्यस्ता शिक्षक तथा कर्मचारीको तलबभत्ता र अन्य सुविधा उपलब्ध गराउन नगरपालिका बाध्य हुनेछैन ।तर यो कार्यविधि लागु हुनु भन्दा अगाडि नगरपालिकाबाट एकमुष्ठ अनुदानपाई तथा विद्यालयको निजी वा अन्य स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरेकाविद्यालयहरूको हकमाएकपटकका लागि ती विद्यालयहरूलाई नगरकार्यपालिकाबाट वितरित कोटा बमोजिम ती विद्यालयहरूले नियमानुसार शिक्षक तथा कर्मचारी छनौट, सिफारिस र नियूक्ति गरेको भएमाती कार्यरत शिक्षक तथाकर्मचारीहरूकोनियूक्ति प्रक्रियामा संलग्न सम्पूर्ण कागजात र व्यक्तिगत कागजातहरू नगर शिक्षा,युवा तथा खेलकुद शाखा वा समितिले निश्चितमापदण्ड बनाई मूल्याङ्कन गरिनेछ रनगर शिक्षा समितिको सिफारिसमानगर शिक्षा प्रमुखले करार सम्झौता गरि नियूक्ति भएको मिति देखि तलबभत्ता पाउने गरि नगरअनुदान कोटामापुन नियूक्ति दिइनेछ ।साथै मूल्याङ्कन गर्दा आधारभूत तह (६(८) र माध्यमिक तह (९(१२)माअंग्रेजी, गणित र विज्ञानविषयलाई विषेश प्राथमिकता दिइने छ र विद्यालयलाई तहगत रूपमान्यूनतम विषयहरू उपलब्ध नभएको खण्डमा दोहोरो पर्ने गरीउपलब्धभएकै विषयमा नियूक्ति दिइने छैन ।

(७) यस कार्यविधिमा उल्लेख भएकोमा बाहेक शिक्षक तथा कर्मचारी छनौट तथा सिफारिस सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. दरखास्त रद्द वा सिफारिस बदर हुन सक्ने** :कुनै उम्मेदवारले शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) को नियम २६ बमोजिमकोकार्य गरेको पाइएमा त्यस्ता उम्मेदवारहरूको दरखास्त वा सिफारिस बदर हुनेछ ।

## परिच्छेद-५
## विषय विज्ञ सम्बन्धी व्यवस्था

**२२. विषय विशेषज्ञको छनौट सम्बन्धी व्यवस्था** : (१) यस चामुण्डाविन्द्रसैनी नगरपालिका अन्तर्गतका प्रारम्भिक बालविकास, सामुदायिक सिकाइ केन्द्र,सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूमा नगरपालिकाको अनुदान, स्वीकृत दरबन्दी तथा राहत दरबन्दीमा तहगत तथा विषयगतकरारशिक्षकहरू तथा विद्यालय कर्मचारीहरू छनौट तथा सिफारिस गर्दा आवश्यक पर्ने विज्ञहरूको आवश्यक योग्यता निर्धारण गरी नगर शिक्षा, युवा तथाखेलकुद शाखाले वा नगरपालिकाले विषय विज्ञको रूपमा सूचीकृत हुन ७ (सात) दिनको सूचना प्रकाशन गर्ने र विषय विज्ञ हुन चाहने उम्मेदवारलेअनुसूची ३बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।नगर शिक्षा, युवा तथा खेलकुद शाखाले प्राप्त निवेदनहरूको मूल्याङ्कन गरी नगर शिक्षासमितिको सिफारिसद्धारा विज्ञहरूको अन्तिम सूची बनाई प्रकाशन गरिनेछ ।

(२) शिक्षक तथा विद्यालय कर्मचारी छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्रतयार गर्ने काम सूचीकृत विषय विज्ञ मार्फत हुनेछ ।

(३) विषयतग विषय विज्ञद्धारा निर्मित प्रश्नपत्रलाई आवश्यकतानुसार सम्बन्धित विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जन गरी प्रश्नपत्रलाई अन्तिमरूप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राखिनेछ। प्रश्नपत्र परिमार्जन गर्दा लाग्ने लागत/खर्च नगरपालिकाको नियमानुसार व्यवस्था गरिने छ ।

(४) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ। यसरी तयार गरिएको प्रश्नपत्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेशगर्नुपर्नेछ ।

(५) सूचीकृत विषय विज्ञ सम्बन्धित विद्यालयका शिक्षक तथा उम्मेदवारको नाता पर्ने व्यक्ति भए विषय विशेषज्ञको रूपमा मनोनित गरिने छैन ।

**२३. विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था** : नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीमा रिक्त पदमाअस्थायी करार तथा नगरपालिकाको अनुदानमा पदपुर्ति गर्दा नियम (३) बमोजिमको समितिले करार सेवाद्धारा तहगत तथा विषयगत शिक्षक तथाविद्यालय कर्मचारीको छनौट र सिफारिस गर्दा आवश्यक पर्ने विषय विज्ञ शिक्षक हुनको लागि न्युनतम योग्यता देहाय

खण्ड : ४ संख्या : ५ श्रावण २५ गतेः २०७८

बमोजिम हुनुपर्नेछ :

(क) बालविकास सहजकर्ता, सामुदायिक परिचालक, विद्यालय कर्मचारी, आधारभूत (१-८) तह शैक्षिक योग्यता : सम्बन्धित विषयमा शिक्षा संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण, शिक्षण अनुभव :शिक्षक सेवा आयोगको परीक्षा पास गरी कम्तिमा ३ वर्ष अध्यापनरत गरेको,

(ख) माध्यमिक (कक्षा ९-१२) तह :शैक्षिक योग्यता : शिक्षा संकाय तर्फ स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण, (अन्य संकायमा स्नातकोत्तर गरेको भएमा एक वर्षेबी.एड. गरेको हुनुपर्ने)तर यस बुदाँको हकमा जुनसुकै कुरा लेखिएको भएता पनि स्नातक गरि कम्तिमा ३ वर्षसम्म माध्यमिक तहमा निरन्तर अध्यापनरत शिक्षक मा. वि.(९-१०) को शिक्षक छनौटका लागि विषय विज्ञको रूपमा योग्य हुनेछ ।शिक्षण अनुभव : मा.वि. तहको शिक्षक सेवा आयोगको परीक्षा पास गरी कम्तिमा ३ वर्ष अध्यापन गरेको, तर अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनिप्राविधिक धारका शिक्षक छनौट तथा सिफारिस गर्दा समितिमा विषय विज्ञको रूपमा संयोजकले आवश्यक पदको न्यूनतम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट तोक्न सक्नेछ ।

तर कारणबस विषय विज्ञहरू सूचिकृत नभएको अवस्थामा समितिले योग्य शिक्षकलाई विषय विज्ञको रूपमा तोक्न सक्नेछ । साथै नगरपालिका क्षेत्रभित्र विषय विज्ञको छनौट गर्दा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथासमन्वय इकाई वा अन्य स्थानीयतहमा रहेका विषय विशेषज्ञ वा विज्ञशिक्षक झिकाई परीक्षा संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६

## तलब, भत्ता र विदा सम्बन्धी ब्यबस्था

**२४. तलब भत्ता सम्बन्धी व्यवस्था :** नगरपालिकाको अनुदानमा विभिन्न तहमा नियूक्त करार शिक्षक तथा विद्यालय कर्मचारीहरूको तलब भत्ता अर्कोव्यवस्था नभएसम्म देहाय बमोजिम हुनेछ ।

क) सामुदायिक परिचालक( नेपाल सरकारले तोके बमोजिम

ख)विद्यालय कर्मचारी(नगरपालिका वा नेपाल सरकारले तोके बमोजिम

ग) बालविकास केन्द्र सहजकर्ता(७०००।-/नगरपालिकाले तोके बमोजिम

घ)आधारभुत तह (१(५) (१४,०००।-/नगरपालिकाले तोके बमोजिम

ङ)आधारभुत तह (६(८) (१७,०००।-/नगरपालिकाले तोके बमोजिम

च) मा.बि. तह (९(१०)(२०,०००।-/नगरपालिकाले तोके बमोजिम

**२५. विदा सम्बन्धी व्यवस्था :** नगर करार शिक्षक तथा विद्यालय कर्मचारीले शिक्षा नियमावली, २०५९ को, नियम १०६ (क), (ख) र (ङ) मा उल्लेख भए बमोजिम बिदा पाउने छन ।

## परिच्छेद-७

## विविध

**२६. अमर्यादित कार्य गरेमा कार्वाही हुने :** परीक्षामा कुनै उम्मेदवारले अमर्यादित कार्य गरेमा वा त्यस्तो कार्य गर्ने उधोग गरेमा निजलाई परीक्षाबाट निष्काशन गर्नुका साथै आवश्यक ठहरिएमा कानून बमोजिम कार्वाहीगरिने ।

**२७. गोप्य रहेन :** परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहने छन् ।

**२८. परीक्षा र विज्ञापन रद्द गर्न सक्ने :** शिक्षक सेवा आयोग नियमावली २०५७ (सशोधन सहित) को नियम ४५ बमोजिम तथा समितिले नगर शिक्षा समितिको परामर्शमाकारण जनाई विज्ञापन र परीक्षा रद्द गर्न सक्नेछ ।

खण्ड : ४ संख्या : ५ श्रावण २५ गतेः २०७८

**२९. बाँकि कारवाही पुरा गर्नु पर्ने :** यो कार्यविधि बन्नु भन्दा अगाडि शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धमा बाँकि रहेका काम कार्वाहीयसै कार्यविधिको अधिनमा रही गर्नु पर्नेछ ।

**३०. यसै कार्यविधि बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम रयस कार्यविधिमा उल्लेख नभएका विषयका हकमाचामुण्डाबिन्द्रासैनी नगरपालिकाको शिक्षा ऐन, २०७५, शिक्षा नियमावली २०५९, नगर शिक्षा समितिको निर्णय, नगर कार्यपालिकाको निर्णय, नगर सभाको निर्णय,प्रचलितऐन तथा नियमावली र अन्यकानूनमा व्यवस्था भए बमोजिम हुनेछ । साथै रिक्त स्वीकृत दरबन्दि, राहत र नेपाल सरकार, प्रदेश सरकार वा अन्य निकायहरूबाट प्राप्त अनुदान कोटामा शिक्षक व्यवस्थापनका लागि विद्यालयले अनुमति लिई तोकिएको समय सिमाभित्र शिक्षक तथा कर्मचारी व्यवस्थापन नगरेमा सो सम्बन्धी प्रक्रिया पनि यसै कार्यविधि बमोजिम हुनेछ ।

**३१.थपघट, व्याख्या वा हेरफेर :** (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउनेप्रयोजनका लागि नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**३२. खारेजी र बचाउ :** (१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान नगरपालिका,संघ तथा प्रदेश कानूनसँग बाझिएमाबाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची -१
(दफा(१६) सँग सम्बन्धित)
**चामुण्डाविन्द्रासैनीनगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
शिक्षा,युवातथा खेलकुदशाखा
जम्बुकाँध, दैलेख, कर्णालीप्रदेश, नेपाल
**शिक्षक आवेदन फाराम**

हालसालै खिचेको पासपोर्ट साइजको फोटोमा पर्ने गरी

श्रीमान्...............................ज्यू,
महोदय,
..................अन्तर्गत सञ्चालनहुने नगर अनुदान/राहत/अस्थायी करार शिक्षकभर्नातथाछनौट परीक्षामा सम्मिलितहुननिम्नानुसारकोविवरण सहितआवेदन पेश गरेको छु।
विज्ञापन नं :खुला/समावेशी : सेवाःतह/श्रेणी : पद :
विषय :
उम्मेदवारको व्यक्तिगतविवरणः
नाम,थर (देवनागरीमा) :
अङग्रेजीमा (BLOCK LETTER) : लिङ्ग :
जन्ममिति : (वि. स.)(ई.स.)
नागरिकता नं.: जारी गर्ने जिल्ला : जारी मितिः
बाबुको नाम, थरः आमाको नाम, थरःबाजेको नाम, थर :पति/पत्नीको नाम, थर :
दरखास्तदिने अन्तिममिति सम्मको उमेरः
स्थायी ठेगानाः
जिल्ला : न.पा/गा.पा : वडा नं : टोल/घर नं : सम्पर्क नं : इमेल :
पत्राचार गर्ने ठेगाना :
जिल्ला : न.पा/गा.पा : वडा नं : टोल/घर नं :

१. शैक्षिक योग्यता सम्वन्धीविवरणः

| क्र.स. | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्थाको नाम | शैक्षिकउपाधी/तालिम | | | कुलप्राप्ताङक | मुख्य/ऐच्छिक विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा/तह | संकाय | श्रेणी/प्रतिशत | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |



२. सेवाअनुभवको विवरण :

| क्र.स. | कार्यरत विद्यालय/संस्था | पद | श्रेणी/तह | सेवा | कार्यरत अवधी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

यस दरखास्तमाउल्लेख गरिएकाविवरणहर सबै सत्य छन्। झुठा ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

चामुण्डाविन्द्रासैनीनगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शिक्षा,युवातथा खेलकुदशाखा
जम्बुकाँध, दैलेख
कर्णालीप्रदेश, नेपाल
शिक्षकप्रवेश पत्र

उम्मेदवारको नाम, थर :
सेवा : तह/श्रेणीः पदःविषय :
परीक्षा केन्द्र : विज्ञापन नं (खुला/समावेशी) : रोल नं :
परीक्षामिति :
परीक्षार्थीको दस्तखत :
सम्बन्धितशाखा/कार्यालयको कर्मचारीले भर्ने :
यस कार्यालयबाट मिति................मालिइने उक्तपदको परीक्षामातपाईलाई निम्न केन्द्रबाट हुने परीक्षामा सम्मिलितहुनकालागिअनुमतिदिइएको छ । विज्ञापनमा तोकिएकाशर्तहरू नपुगेको ठहर भएमाजुनसुकै अवस्थामापनि यो अनुमति रद्ध हुनेछ ।

अधिकृतको दस्तखत :
नाम :
मिति :

द्रष्टव्य :- १) कृपयाउम्मेदवारले प्रवेश पत्रको पछाडि रहेको उम्मेदवारले पालनागर्नुपर्ने नियमहरू हेर्नुहोला ।

**उम्मेदवारले पालन गर्नुपर्ने नियमहरू :-**

१.परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२.परीक्षा हलमा मोबाइल फोन तथा अन्य ईलेक्ट्रोनिक समानहरु ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताहुनेदिनमापनिप्रवेशपत्रअनिवार्य ल्याउनुपर्नेछ।
४ परीक्षा शुरू हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि मात्र परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरू भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरू भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा संगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा वस्न पाउने छैन ।

६.परीक्षा हलमा प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरून्त कानूनबमोजिमको कारवाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
८.बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा नगरपालिका जवाफदेही हुने छैन ।
९.उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रूपले गर्नुपर्नेछ ।
१० नगर शिक्षा शाखाले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
११.उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको “की” उत्तरपुस्तिकामा अनिवार्य रूपले लेख्नु पर्नेछ । नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ ।
१३.कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको समबन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरूलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।
१४ चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि २०७८ अनुसार समावेशी पदमा दरखास्त बुझाएको भए कुन कुन समूहमा परीक्षामा सम्मिलित हुन दरखास्त फाराम बुझाएको हो सो व्यहोरा उत्तरपुस्तिकामा पनि उल्लेख गर्नु पर्नेछ ।



**अनुसूची(२**

(दफा(२०)उपदफा(२) सँग सम्बन्धित)

नगर शिक्षा, युवातथा खेलकुदशाखाचामुण्डाविन्द्रासैनीनगरपालिका, जम्बुकाँध, दैलेख र नगर शिक्षकश्री ............................... को बिचमाभएको

**करार सम्झौतापत्र**

चामुण्डाविन्द्रासैनी नगरपालिका जम्बुकाँध, दैलेख अन्तरगतका विद्यालयहरूमा करार शिक्षकका रूपमा शिक्षण गर्नका लागि मिति................गते नियुक्ती दिने निकाय श्री शिक्षा, युवा तथा खेलकुद शाखा चामुण्डाविन्द्रासैनी नगरपालिका (यसपछि पहिलो पक्षमानिने छ) र छनोट भई नियुक्ति पाउने शिक्षक (यसपछि दोस्रो पक्षमानिने छ) श्री .........................................बीच निम्नबमोजिमका सर्तहरूमा सम्झौतागरि एक एकप्रति बुझीलियौं दियौं ।

**पहिलो पक्षकाजिम्मेवारीहरू :**

१. पहिलोपक्षले दोस्रो पक्षलाई शिक्षकआवश्यक परेको विद्यालयमानियुक्तिभएको मितिले १ शैक्षिक सत्र (चैत्र मसान्त सम्म) को लागि करारनियुक्तिदिई खटाउने छ र आवश्यक र औचित्यताकाआधारमानियमानुसार पुन : करार थपगर्नेछ ।
२. खटाएको विद्यालयमा दोस्रो पक्षले शिक्षण कार्य गरे वापतपहिलो पक्षले मासिक रू. ............।- का दरले १२ महिनाको तलबभत्ताउपलब्ध गराउने छ ।
३. पहिलो पक्षले दोस्रो पक्षको प्रत्येक ६ महिनामाकार्यसम्पादनमूल्यांकन गरी सूधारकालागि पृष्ठपोषण दिने छ ।
४. पहिलो पक्षलाई दोस्रो पक्षको शिक्षण कार्य वा पेशागतदक्षता र व्यवहार सन्तोषजनकनलागेमा, चित्तनबुझेमाआफ्नो पेशागतदक्षता वृद्धि गर्ने अवसर एक पटक दिने छ तर पुनपेशागतदक्षता र व्यवहार सन्तोषजनकनलागेमाकरार सम्झौता र नियूक्ति रद्द गर्न सक्नेछ ।
५.पहिलो पक्षले दोस्रो पक्षको शिक्षण कार्यबाट विद्यार्थीहरूमा देखिएको सिकाई उपलब्धिमापनकालागिसूचकहरू उपलब्ध गराउने छ ।

**दोस्रो पक्षको जिम्मेवारीहरू**

१.पहिलो पक्षले खटाएको विद्यालयमानियमित रूपमाहाजिर भई शिक्षण कार्य गर्नुपर्ने छ ।
२. पहिलो पक्षले उपलब्ध गराएको मासिकतलबभत्ताबाहेक अर्को सम्झौतानभएसम्मदोस्रोपक्षले

बीचमा नै तलब वृद्धिका लागीकुनै किसिमको असन्तुष्टि देखाईशिक्षण कार्य छोड्न पाईने छैन ।

३. पहिलो पक्षले दिएको शिक्षणमा देखिएको कमजोरीहरूको पृष्ठपोषणबाट दोस्रो पक्षले समयमा नै सच्चाई आफ्नो शिक्षण कार्यमा र व्यवहारमा सुधार गर्नुपर्ने छ ।

४. दोस्रो पक्षले पहिलो पक्षले पेशागतदक्षता र व्यवहार सुधारकालागिदिएको अवसरलाई प्रयोग गरि आफ्नो पेशागतविकास र दक्षताहासिलगर्नुपर्ने छ ।

५. पहिलो पक्षले उपलब्ध गराएको उपलब्धिमापन सूचकका आधारमाआफुले शिक्षण गर्ने विषयको सिकाई उपलब्धि पेश गर्नुपर्ने छ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| नगर शिक्षाशाखाको तर्फबाट | नियुक्तीलिने शिक्षक |
| नाम : | नाम : |
| पदः | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |

**रोहवर/साक्षी**

नाम्

पद :

हस्ताक्षर :

मिति :

**अनुसूची(३**

(दफा (२२) उपदफा (१) सँग सम्बन्धित)

चामुण्डाविन्द्रासैनीनगरपालिका

नगरकार्यपालिकाको कार्यालय

शिक्षा,युवातथा खेलकुदशाखा

जम्बुकाँध, दैलेख

कर्णालीप्रदेश, नेपाल

**विषय विज्ञ सूचीकरण निवेदन**

फोटो

श्रीमान्...............................ज्यू,

महोदय,

प्रस्तुत विषयमा नगर शिक्षा, युवातथा खेलकुदशाखा चामुण्डाविन्द्रासैनीमा देहायकाबमोजिमकाविषयमा विज्ञका रूपमा सूचीकृत हुननिम्नानुसारकोविवरण सहित (आवश्यककागजातहरू संलग्न राखि) निवेदन पेश गरेको छु ।

तपसिल :

नाम,थर (देवनागरीमा) :

अङग्रेजीमा (BLOCK LETTER) : लिङ्ग : जन्ममिति (वि. स.)(ई.स.)

नागरिकता नं.: जारी गर्ने जिल्ला : जारी मितिः



स्थायी ठेगाना :

जिल्ला : न.पा/गा.पा : वडा नं : टोल/घर नं : सम्पर्क नं : इमेल :

पत्राचार गर्ने ठेगाना :

जिल्ला : न.पा/गा.पा : वडा नं : टोल/घर नं :

कार्यरत विद्यालयको नाम, ठेगाना :

१. शैक्षिक योग्यता र विषय विज्ञका रूपमा सूचीकृत हुनचाहेकाविषय सम्बन्धीविवरण (तोकिएको न्यूनतम र सो भन्दामाथिल्लो योग्यताभए सो समेत)

| क्र.स. | विश्वविद्यालय/बोर्ड वा संस्थाको नाम | शैक्षिकउपाधी | | | कुलप्राप्ताङक | अध्ययन गरेको मुख्य/ऐच्छिक विषय | विषय विज्ञका सूचीकृत हुनचाहेको विषय | सेवाअनुभव वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षा/तह | संकाय | श्रेणी/प्रतिशत | | | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

२. सेवाअनुभवको विवरण

| क्र.स. | कार्यरत विद्यालय/संस्था | पद | श्रेणी/तह | सेवा | कार्यरत अवधी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

३. तालिम

| क्र.स. | तालिमको नाम | तालिमअवधि | तालिमदिने निकाय | तालिमलिएको वर्ष |
|---|---|---|---|---|
| | | | | |
| १ | | | | |
| २ | | | | |

यस दरखास्त माउल्लेख गरिएका विवरणहर सबै सत्य छन् । झुठा ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला ।

उम्मेदवारको दस्तखत :

मिति :



आज्ञाले

तिलक वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत